Contact:
Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

**Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu**

# Press Release

Date: 2074.01.10

## प्रेस विज्ञप्ति

## राष्ट्रिय वाणिज्य बैंकलाई आस्बा प्रणालीको अनुमती

नेपाल धितोपत्र बोर्डले राष्ट्रिय वाणिज्य बैंक लिमिटेडलाई धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका,२०७३ बमोजिम धितोपत्र दरखास्त संकलन तथा तत् सम्बन्धी कार्य गर्ने अर्थात आस्बा प्रणालीको अनुमती दिएको छ।

बैंकले अनुमती प्राप्त गरेको आस्बा प्रणाली अन्तर्गत सार्वजनिक रुपमा धितोपत्र निष्काशन हुंदा खरिद गर्न चाहने यस बैंकको जुनसुकै शाखा कार्यालयका खातावाला लगानीकर्ताहरुबाट दरखास्त फारम संकलन गरी फारममा उल्लेख भए अनुसारको रकम सम्बन्धीत लगानीकर्ता खाताधनीकै खातामा रोक्का राखी धितोपत्र बांडफांड भए पश्चात लगानीकर्ताको नाममा कायम हुन आएको धितोपत्र बराबरको रकम सम्बन्धीत धितोपत्र निष्काशनकर्ता कम्पनीमा पठाई बांकी रकम सम्बन्धीत खाताधनीले पुर्ववत रुपमा प्रयोग गर्न सक्ने गरी फुकुवा गरिने छ।

हाल शहरी क्षेत्रमा मात्र सिमित रहेको धितोपत्र बजारको सेवा राष्ट्रिय वाणिज्य बैंकको ६८ जिल्लामा रहेका १७२ वटा शाखा कार्यालयबाट यो सेवा लिन सकिने हुंदा दुरदराजमा रहेका जनताहरुले पनि पुंजी बजारको लाभ लिन सकिने विश्वास बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले व्यक्त गर्नुभएको छ।